# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, पुस ०९ गते, २०७७ साल (सङ्ख्या २३


## भाग २

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## <u>सूचना</u>

**<u>प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०७७</u>**

प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस नियामावलीको नाम "प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५९क. मा संशोधन</u>**ः प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५९क. को सट्टा देहायको ५९क. राखिएको छः-

"५९क. **<u>अवधि थप गर्ने अधिकारीः</u>** (१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (३) मा उल्लेखित अवधि भन्दा बढी अवधिको लागि सोही नियमको उपनियम (४) बमोजिम म्याद थप गर्नु पर्ने मनासिब कारण भएमा सम्बन्धित मन्त्रालयको सचिवले थप गर्न सक्नेछ।

(२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि अवधि थप गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।

तर यसरी खरिद सम्झौताको म्याद थप गर्नु अघि सम्बन्धित कार्यका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन भएको वा नभएको यकिन गरी प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्छ वा पर्दैन सो विश्लेषण गरेर थप आर्थिक दायित्व सिर्जना नहुने गरी मात्र म्याद थप गर्नु पर्नेछ।

(३) खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।"

**आज्ञाले,**
**राधिका अर्याल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-